आज मिति २०८० फाल्गुण २२ गते मंगलबारका दिन दिउँसो २:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भए/गरेका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गरियो ।

प्रस्ताव नं. २ :- स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति र प्राविधिक समिति गठन सम्बन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ५२ को उपदफा (१) बमोजिम स्थानीय आर्थिक विकासको प्रवर्द्धनको लागि र सोही कार्यविधिको दफा ५३ को उपदफा (१) बमोजिम स्थानीय तहमा कार्यक्रम कार्यान्वयन, व्यवस्थापन, प्रस्तावित परियोजनाको मूल्याङ्कन लगायतका कामको लागि तपसिल बमोजिमको स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति र प्राविधिक समिति गठन गरियो ।

तपसिल:-

(१) स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति:

| क्र.सं. | समिति गठन सम्बन्धी भएको व्यवस्था | नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय तहको प्रमुख वा अध्यक्ष | श्री गणेश चौधरी | संयोजक | |
| २. | स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | श्री लालमति देवी कठरिया | सदस्य | |
| ३. | स्थानीय तहको आर्थिक विकास समितिको संयोजक | श्री सुरेश चौधरी | सदस्य | |
| ४ | घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष | | सदस्य | |
| ५. | उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संघसंस्थाहरुको गाउँ वा नगर तहको अध्यक्ष | श्री अमर बहादुर बिष्ट | सदस्य | |
| ६. | स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारीहरु मध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि | श्री दिल कुमारी चौधरी | सदस्य | |
| ७. | स्थानीय तहमा रहेका बैंकहरुमध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि | श्री दिपेन्द्र जोशी | सदस्य | हिमालयन बैंक |
| ८. | स्थानीय तहमा सबैभन्दा बढी रोजगार प्रदान गर्ने उद्यमी १ जना | श्री अभय प्रताप राणा | सदस्य | राणा ईट्टा उद्योग |
| ९. | प्रमुख प्रशासकीय अधिकृत | श्री आशिष चौधरी | सदस्य-सचिव | |

(२) प्राविधिक समिति:

| क्र.सं. | समिति गठन सम्बन्धी भएको व्यवस्था | नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | श्री आशिष चौधरी | संयोजक | |
| २. | स्थानीय तहले मनोनयन गरेको स्थानीय उद्योग सम्बन्धी संघ/संस्थाको प्रतिनिधि | श्री अमर बहादुर बिष्ट | सदस्य | |
| ३. | स्थानीय तहले मनोनयन गरेको स्थानीय क्षेत्रमा क्रियाशील उद्यमी | श्री चित्र बहादुर चौधरी | सदस्य | कोसेली कृषक स. |
| ४ | स्थानीय तहले तोकेको सम्बन्धित विषय-विज्ञ | | सदस्य | |
| ५. | शाखा प्रमुख, आर्थिक प्रशासन शाखा | श्री दिनेश माझी | सदस्य | |
| ६. | ईन्जिनियर, योजना/प्राविधिक शाखा | श्री योगेन्द्र शाही | सदस्य | |
| ७. | शाखा प्रमुख स्थानीय आर्थिक विकास शाखा/ स्थानीय आर्थिक विकास सम्बन्धी कार्य गर्ने जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी | श्री हिरालाल चौधरी | सदस्य-सचिव | LED Focal Person |

२०८०।११।२२

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ३ :- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमको लागि गाउँपालिकाले व्यहोर्ने रकमको सुनिश्चितता सम्बन्धमा।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ४२ को उपदफा (१)(ग) बमोजिम गाउँपालिकाले प्राप्त गर्ने अनुदानको १५ प्रतिशत रकम तपसिल बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो।

तपसिल:-

| १ | २ | ३ | ६ | ७ | ८ | ९ | १० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | कर्मचारीको सामाजिक सुरक्षा कोष | १५,६४,९२६।- | १. | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | जानकी गाउँपालिका | ११,२५,०००।- | कार्यालय | ४,३९,९२६।- | ७५ लाखको १५ % |

**प्रस्ताव नं. ४ :- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा जानकी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८० को मस्यौदा उपर दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं. ५ :- विधायन समिति (गठन तथा संचालन) कार्यविधि, २०८० सम्बन्धमा।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा जानकी गाउँपालिकाको विधायन समिति (गठन तथा संचालन) कार्यविधि, २०८० को मस्यौदा उपर दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं. ६ :- एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८० सम्बन्धमा।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा जानकी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८० को मस्यौदा उपर दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं. ७ :- सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा जानकी गाउँपालिकाको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८० को मस्यौदा उपर दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं. ८ :- कक्षा १ देखि ३ सम्मको थारु भाषाको पाठ्यक्रम स्वीकृत सम्बन्धमा।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा जानकी गाउँपालिकाको "हमार जानकी" नामक थारु भाषाको पाठ्यक्रम (कक्षा १-३) स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९ :- कक्षा ६ देखि ८ सम्मको स्थानीय विषयको पाठ्यक्रम स्वीकृत सम्बन्धमा।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा जानकी गाउँपालिकाको "हाम्रो जानकी" नामक स्थानीय पाठ्यक्रम (कक्षा ६-८) स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १० :- सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गर्ने सम्बन्धमा।**

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा जानकी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको वर्तमान शैक्षिक, भौतिक, शिक्षक विद्यार्थी अनुपात र उपलब्ध मानव संशाधनको अवस्था विश्लेषण गरी आवश्यकता अनुसार विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानको मस्यौदा तयार गर्न जानकी गाउँपालिकाको विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान कार्यविधि, २०७९ को दफा ३ बमोजिमको कार्यदललाई जिम्मेवारी दिने निर्णय गरियो।

२०८०।११।२२

चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

पाना नं ८८

प्रस्ताव नं. ११ :- विद्यालय समायोजन सम्बन्धी मुद्दा पुर्पक्ष गर्नका लागि काम कारबाही गर्ने अख्तियारी सम्बन्धमा ।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा जिल्ला कैलाली जानकी गाउँपालिका, वडा नं.३ भगतपुर कैलाली स्थित श्री गौरीशंकर आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्षको अख्तियारी प्राप्त दिनेश कुमार चौधरी थारु समेतले सम्मानित उच्च अदालत दिपायलमा रिट नं. ०७९-WO-००२१ को उत्प्रेषण परमादेश समेतको मुद्दा दायर गरी उक्त मुद्दामा जानकी गाउँपालिकाको कार्यालय, दुर्गौली, कैलाली समेतलाई विपक्षी बनाएकोमा सम्मानित उच्च अदालत, डोटीबाट मिति २०८०।०८।२० गते फैसला भई उक्त फैसला उपर चित्त नबुझिएकोले जिल्ला कैलाली जानकी गाउँपालिका स्थित जानकी गाउँपालिकाको कार्यालय, दुर्गौली, कैलाली-१, गाउँ शिक्षा समिति, जानकी गाउँपालिका, दुर्गौली, कैलाली-१, गाउँपालिका कार्यालयको कार्यसमिति, जानकी गाउँपालिका, कैलाली-१ समेतको तर्फबाट सम्मानित सर्वोच्च अदालत काठमाडौँमा उत्प्रेषण परमादेश समेतको मुद्दामा दोहोऱ्याई पाउनको लागि निवेदन पेश गर्न, तारिखमा रुजु हाजिरी रहन, कानून व्यवसायी नियुक्ति गर्ने लगायत मुद्दाका सम्बन्धमा सम्पूर्ण काम गर्नको लागि जानकी गाउँपालिकाको कार्यालयका सहायक पाँचौ श्री खेम बहादुर कठरियालाई अख्तियारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १२ :- आ.व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका थप आयोजना सञ्चालन सम्बन्धमा ।

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा आ.व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको थप आयोजना र गाउँसभाबाट स्वीकृत भएका आयोजनाहरु प्राविधिक लागत अनुमान अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल-:

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | नयाँ लायकपुर पारी खोप केन्द्र भवन देखि श्रीराम चौधरीको घरसम्मको सडक मर्मत तथा नाला सफाई | ३ | |
| २. | पहाडीपुर सिद्धराज उपाध्यायको जग्गा हुदै भविलाल चपाईको घरसम्मको झरन सफाई | ८ | |

प्रस्ताव नं. १३ :- वडा नं. १ को आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथी छलफल गर्दा जानकी गाउँपालिका वडा नं. १ को पूंजीगत क्षेत्र पूर्वाधार विकास तर्फको आयोजनाको समीक्षालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | गाउँसभाबाट विनियोजित रकम रु. | आयोजना कार्यान्वय विधि | संशोधित आयोजनाको नाम | आयोजना स्थल | संशोधित आयोजनाम विनियोजित रकम रु. | संशोधित आयोजना कार्यान्वयन विधि | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | दुर्गौली टोल नं. ५ बच्चु चौधरीको घरदेखि प्रदेशी चौधरीको घरसम्म पानी पिच | ४,००,०००।- | उपभोक्ता समिति | जानकी गा.पा. वडा १ अन्तर्गतका विभिन्न स्थानम ह्युमपाईप जडान | जानकी-१ | ४,००,०००।- | सोझै खरिद | नेपाल सरकार नगद अनुदान | |
| २. | सरस्वती मा.वि दुर्गौलीको प्राङ्गणमा माटो पटानी | १,००,०००।- | वि.व्य.स. | सरस्वती मा.वि दुर्गौलीको प्राङ्गण माटो पटानी | जानकी-१ | १,००,०००।- | सोझै खरिद | नेपाल सरकार नगद अनुदान | |

२०८०।११।२२

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

प्रस्ताव नं. १४ :- इलाका प्रहरी कार्यालयको गाडी मर्मत गरेको बिल भुक्तानी गर्ने सम्बन्धमा ।

निर्णय नं. १४ :- प्रस्ताव नं. १४ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय, टीकापुर, कैलालीको गाडी मर्मतको लागि मिति २०८०/०४/३२ मा यस कार्यालयद्वारा दिईएको मर्मत कार्यादेश बमोजिम उक्त कार्यालयको गाडी मर्मत गर्न लागेको खर्च रकम रु. ३,८४,९४९।१९ (अक्षेरुपी तीन लाख चौरासी हजार नौ सय उन्चास रुपैयाँ उन्नाईस पैसा मात्र ।) मेसिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. १५ :- प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | भगंत राम चौधरी | ७०००।- | अन्य सामाजिक सहायता खर्च शिर्षक | शरीर पूर्ण रुपमा जलेकोले उपचार खर्च । |
| २. | थारु कल्याणकारी सभा | १००००।- | | |
| ३. | नेकपा (एमाले) | १००००।- | | जिल्ला अधिवेशन |
| ४. | मुक्त कमलरी विकास मञ्च | १००००।- | | तेह्रो वार्षिक साधारण सभा लेखाजोखा तथा माघी मिलन कार्यक्रमको लागि आर्थिक सहयोग |

प्रस्ताव नं. १६ :- गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णय नं. १६ :- प्रस्ताव नं. १६ माथी छलफल गर्दा जानकी गाउँपालिकाको आ.ब. २०८०।०८१ को लागि १२ औं गाउँसभाबाट स्वीकृत गाउँपालिकाका अति आवश्यक आयोजना तथा कार्यक्रम अन्तर्गतको झप्टी-बेलाशपुर टोल बीचको खल्लामा कल्भर्ट निर्माण आयोजना रानी जमरा कुलरिया सिंचाई आयोजनाबाट संचालन तथा कार्यान्वयन भएको हुँदा उक्त स्वीकृत आयोजनालाई आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | गाउँसभाबाट विनियोजित रकम रु. | आयोजना कार्यान्वय विधि | संशोधित आयोजनाको नाम | आयोजना स्थल | संशोधित आयोजनामा विनियोजित रकम रु. | संशोधित आयोजना कार्यान्वयन विधि | साविकको आयोजनामा बाँकी रकम रु. | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | तोरैयापुर पथरपुरुवा सडक कालोपत्रे | १०,००,०००।- | सोझै खरिद | तोरैयापुर पथरपुरुवा सडक कालोपत्रे | जानकी-१ | ४०,००,०००।- | बोलपत्र | - | आन्तरिक स्रोत | |
| २. | झप्टी-बेलाशपुर टोल विचको खल्लामा कल्भर्ट निर्माण | १२,००,०००।- | उपभोक्ता समिति | | | | | - | सुदूरपश्चिम प्रदेश सरकार नगद अनुदान | |
| ३. | नयाँ लायकपुर-जगतपुर-मुर्तिया-, कटासे हाइड्रोपावर हुँदै पुर्व पश्चिम राजमार्ग जोड्ने सडक कालोपत्रे | ३२,१०,१४६।७ (बोलपत्र भई बचत रकम) | बोलपत्र | | | | | १४,१०,१४६।७ | नेपाल सरकार नगद अनुदान र आन्तरिक स्रोत | संशोधित आयोजनामा रु. १८,००,०००।- थप |

अम्बिका चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०।११।१२

गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. १७ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वियन गर्ने सम्बन्धमा ।**

निर्णय नं. १७ :- प्रस्ताव नं. १७ माथि छलफल गर्दा पूँजीगत क्षेत्र पूर्वाधार विकासको प्रगति तथा आवश्यकतालाई मध्येनजर गरी पूंजीगत क्षेत्र पूर्वाधार विकास तर्फको आयोजना कार्यान्वियन गर्न आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वियन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | क्र.स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | जेष्ठ नागरिक भवनको गेट तथा अधुरो घेरवार निर्माण | ६,००,०००।- | १. | जेष्ठ नागरिक भवनको गेट तथा अधुरो घेरवार निर्माण | जानकी-९ | ७,६१,०००।- | कार्यालय/ सोझै खरिद | - | |
| २. | पिपल चौतारा देखि जमरा टोल हुँदै तीन डुँड सुवर्णपुरसम्म कालोपत्रे | ९,८८,२९०।३२ | | | | | | ८,२७,२९०।३२ | संशोधित आयोजनामा रु. १,६१,०००।- थप |

**प्रस्ताव नं. १८ :- बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सहजीकरण गर्न समिति गठन सम्बन्धमा ।**

निर्णय नं. १८ :- प्रस्ताव नं. १८ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को दफा ७ बमोजिम बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न यस जानकी गाउँपालिकामा तपसिल बमोजिमको कार्यान्वयन सहजीकरण समिति गठन गरियो ।

तपसिल:-

| क्र.सं. | समिति गठन सम्बन्धी भएको व्यवस्था | नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | श्री आशिष चौधरी | संयोजक | |
| २. | सामाजिक विकास शाखा प्रमुख | श्री हिरालाल चौधरी | सदस्य | |
| ३. | स्वास्थ्य शाखा प्रमुख | श्री जित बहादुर चौधरी | सदस्य | |
| ४ | शिक्षा शाखा प्रमुख | श्री धर्मानन्द कपाडी | सदस्य | |
| ५. | योजना तथा अनुगमन शाखा प्रमुख | श्री योगेन्द्र शाही | सदस्य | |
| ६. | कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख | श्री खेम बहादुर कठरिया | सदस्य | |
| ७. | खानेपानी, सरसफाई एवम् विपद् व्यवस्थापन सम्बन्धी शाखा प्रमुख | श्री मदन बहादुर बडुवाल | सदस्य | |
| ८. | साझेदार गैर सरकारी संस्थाको प्रतिनिधि | श्री बाल कल्याण संघ | सदस्य | |
| ९. | स्थानीय बालक्लब सञ्जालबाट दुईजना (बालक १ र बालिका १) प्रतिनिधि | (१) श्री ................<br>(२) श्री ................. | सदस्य<br>सदस्य | |
| १०. | स्थानीय बाल कल्याण अधिकारी | श्री यमुना बिष्ट | सदस्य | |
| ११. | बाल क्लबका पूर्व सदस्य (संयोजकले तोकेको एक जना प्रतिनिधि) | श्री ...................... | सदस्य | |
| १२. | बाल क्लब सञ्जाल संयोजक | श्री .................... | सदस्य | |
| १३. | स्थानीय विद्यालयका प्रधानाध्यापक मध्ये संयोजकले तोकेको एक जना | श्री दिपक कुमार दास | सदस्य | मोति मा.वि. |
| १४. | प्रशासन शाखा प्रमुख (बालमैत्री सम्पर्क शाखा) | श्री मेवालाल चौधरी | सदस्य सचिव | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष
२०८०/११/२२

गाउँ कार्यपालिकाको कार्यालय
टुगौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १९ :- बिल भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. १९ :- प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस कार्यालयद्वारा आयोजित विभिन्न कार्यक्रम संचालन गरेको, अतिथी स्वागत सत्कार तथा आवास व्यवस्था, ट्रान्सपोर्ट र आवश्यकता अनुसार फुटकर खाना/खाजा उपलब्ध गराए बापत देहायका फर्म/होटेलहरुलाई तपसिल बमोजिमको बिल रकम विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | फर्म/होटेलको नाम ठेगना | बिल रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | स्मार्ट क्याफे, जानकी-१, कैलाली | ३,६५,२९०।- | |
| २. | होटेल सिद्धार्थ प्रा.लि., टीकापुर-१, कैलाली | १,३१,८३०।- | |
| ३. | सिद्धार्थ रिसोर्ट प्रा.लि., चिसापानी, कैलाली | ४०,५००।- | |

**प्रस्ताव नं.२० :- नदीको बहाव डाईभर्सन कार्यको लागि रकम व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं.२० :- प्रस्ताव नं.२० माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आन्तरिक आयको ठेक्का नं. JRM/IR/02/2080/081 कर्णाली नदीको बगरक्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन तथा बिक्री कार्य (कालिका सामुदायिक वन, मुनुवा ठाँडा, कालिका सामुदायिक वनको पूर्वतिर) वडा नं. ०९ र शिवशक्ति सामुदायिक वनदेखि पूर्वतिरको घाट वडा नं. ९ का लागि उत्खनन्/संकलन क्षेत्रसम्म पहुँच मार्गमा नदीको बहाव बढी भएकोले मिति २०८०।१०।१४ गतेको स्थानीय अनुगमन समितिको सिफारिस र प्राविधिक इस्टिमेट बमोजिम उत्खनन्/संकलन स्थलसम्म पहुँच मार्ग बनाउन कर्णाली नदीको बहाव डाईभर्सनको लागि आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल:-

<table>
<tr><th>१</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>६</th><th>७</th><th>८</th><th>९</th><th>१०</th></tr>
<tr><th>क्र.स.</th><th>साविकको आयोजना तथा कार्यक्रम</th><th>गाउँसभाबाट विनियोजित रकम रु.</th><th>क्र.स.</th><th>संसोधित आयोजना तथा कार्यक्रम</th><th>संसोधित आयोजनामा विनियोजित रकम रु.</th><th>आयोजना स्थल</th><th>आयोजना कार्यान्वयन विधि</th><th>२ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">जानकी-५ अमौरी देखि थापापुर जोड्ने सडक कालोपत्रे</td><td rowspan="2">१७,०५,८२६।१८</td><td rowspan="2">१.</td><td rowspan="2">ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन तथा बिक्री कार्यका लागि कर्णाली नदीको बहाव डाईभर्सन कार्य</td><td rowspan="2">१५,००,०००।-</td><td>मुनुवा ठाँडा (कालिका सामुदायिक वन)को पूर्वतिर वडा नं. ९ (रु.७,५०,०००।-)</td><td>कार्यालय/ सोझै खरिद</td><td rowspan="2">२,०५,८२६।१८</td><td rowspan="2"></td></tr>
<tr><td>शिवशक्ति सामुदायिक वन देखि पूर्वतिरको घाट वडा नं.९ (रु.७,५०,०००।-)</td><td>कार्यालय/ सोझै खरिद</td></tr>
</table>

२०८०/११/२२
**गणेश चौधरी**
**अध्यक्ष**

**आशिष चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**